उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन नं ०४६-६९१९२७

पत्र संख्या:-०७९/०८०
चलानी नं:

करार सेवामा कर्मचारी भर्ना सम्वन्धि सूचना।

प्रथम पटक सूचना प्रकाशन भएको मिति:२०७९/१२/०१

उमाकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७९ साल माघ २० गते भएको बैठकको निर्णय अनुसार गाउँपालिकाको करार सेवामा कर्मचारी व्यवस्थापन सम्वन्धि कार्यविधि २०७४ बमोजिम गाउँपालिकामा रिक्त रहेको तपशिलको पदहरुमा करार सेवामा कर्मचारी भर्ना गर्नुपर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन(मिति २०७९/१२/१५ ) भित्र रितपुर्वकको निवेदन पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| क्र.सं. | विज्ञापन नं | पद | तह | संख्या | न्यूनतमा योग्यता | दरखास्त दस्तुर | काम गर्ने स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | १०,०७९/८० | विद्यालय नर्स | पाँचौ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र वा सो सरह उतिर्ण गरि नर्सिङ काउन्सिलमा दर्ता भएको | ७०० | श्री महालङ्गुर मा.वि. उमाकुण्ड १ गुम्देल |
| २ | ११,०७९/८० | ल्याव असिष्टेन्ट | चौथो | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याव असष्टिेन्ट कोर्ष पुरा गरि सम्वन्धित काउन्सिलमा दर्ता भएको । | ५०० | स्वास्थ्य चौकी प्रिति |

१) दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु

क) व्यक्तिगत विवरण सहितको दरखास्त फाराम ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ग) शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि घ) कार्यअनुभव भए समय खुलेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ङ)सम्वन्धित काउन्सिल वा परिषद वा अन्य निकायमा दर्ता भई अद्यावधिक भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (पेश गरिने सवै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयमले हस्ताक्षर गरि प्रमाणित गरेको हुनुपर्दछ)

२) उमेर हद: १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

३) दरखास्त दस्तुर बुझाउने स्थान: उमाकुण्ड गाउँपालिकाको सनराईज बैंक प्रिति शाखामा रहेको आन्तरिक राजश्व खाता नं ०१६०५६८५७७७०३००६ मा नगद जम्मा गरेको सक्कलै भौचर वा कार्यालयमा नगद बुझाएको नगदी रसिद निवेदन साथ पेश गर्नुपर्नेछ ।

४) दरखास्त पेश गर्ने स्थान: गाउँ कार्यपालिकाको कार्यालय प्रिति, रामेछाप ।

५) दरखास्त फाराम पाईने स्थान: गाउँ कार्यपालिकाको कार्यालय वा गाउँपालिकाको वेवसाईट ।

६) सेवा सुविधा: गाउँ कार्यपालिकाले तोके बमोजिम ।

७) परिक्षाको किसिम: प्रारम्भिक योग्यताक्रमको सूचीबाट छनोट भएको उम्मेदवारहरुको लिखित(सेवा प्रवाह र विषयसँग सम्वन्धित वस्तुगत तथा विषयगत प्रश्नहरु) र अर्न्तवार्ता लिई अन्तिम योग्यताक्रमको सूची प्रकाशन गरिनेछ ।

८) परिक्षा सम्वन्धि जानकारी :चैत्र १५ गते पछाडि तोकिनेछ ।

९) सूचनामा उल्लेख हुन छुट भएको विषयहरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

१०) दरखास्त स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्ध गर्ने सम्वन्धि सम्पुर्ण अधिकार गाउँपालिकामा निहित हुनेछ ।

Dkrishnan b6

प्रमुख प्रशासकीय अधिकृत

दिल कृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत